आदिवासी जनजाति आयोग

ललितपुर

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम २०८० साल कार्तिकदेखि पौष मसान्तसम्म सम्पादित कार्यहरुको विवरणः

**(क) निकायको स्वरुप र प्रकृतिः**

नेपालको संविधानको धारा २६१ मा आदिवासी जनजाति आयोगको व्यवस्था रहेको छ। यस आयोगमा अध्यक्ष र चार जनासम्म सदस्य रहने, राष्ट्रपतिले संवैधानिक परिषद्‌को सिफारिसमा आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्ने, अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले ६ वर्षको हुने, आयोगका अध्यक्ष तथा सदस्यको योग्यता, पद रिक्त हुने अवस्था, पारिश्रमिक र सेवाका शर्तहरु र आयोगको काम कर्तव्य र अधिकार सम्वन्धि अन्य व्यवस्था संघीय कानून बमोजिम हुने व्यवस्था नेपालको संविधानमा उल्लेख गरिएको छ ।

आदिवासी जनजाति आयोग ऐन, २०७४ को प्रस्तावनामा आदिवासी जनजाति समुदायको गौरवमय इतिहाँस र संस्कृतिको पहिचान, हक, हितको संरक्षण र सम्बर्द्धन तथा आदिवासी जनजाति समुदायको सशक्तिकरण गर्नको लागि आदिवासी जनजाति आयोगको सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएको व्यहोरा उल्लेख छ।

**(ख) आयोगको काम, कर्तब्य र अधिकारः**

१ आदिवासी जनजाति समुदायको समग्र स्थितिको अध्ययन गरी तत् सम्बन्धमा गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

२ आदिवासी जनजाति समुदायको हकहितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

३ आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणका सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

४ आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणका सम्बन्धमा भइरहेका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

५ आदिवासी जनजाति समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने,

६ आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्वन्धमा अनुगमन गर्ने वा गराउने,

७ आदिवासी जनजाति समुदाय भित्र आर्थिक वा सामाजिक रुपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तिकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

आदिवासी जनजाति आयोग

८ आदिवासी जनजाति समुदाय भित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

९ आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणको लागि चेतना मुलक कार्यक्रम सञ्चालन गर्ने,

१० आदिवासी जनजाति समुदायमा विधमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गर्न र आदिवासी जनजाति समुदायको सशक्तिकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

११ आदिवासी जनजाति समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यवसायीक प्रयोगमा ल्याउन सहयोग गर्ने,

१२ आदिवासी जनजाति समुदायको सम्बन्धमा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनका लागि आवश्यक सिफारिस/ सुझाव दिने,

१३ आदिवासी जनजाति समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

१४ आदिवासी जनजाति समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सुचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

१५ आदिवासी जनजाति समुदायको भौतिक, अभौतिक संस्कृति संरक्षण र सम्बर्द्धनका लागि जिवित सङ्ग्रहालय स्थापना र परिचालनका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,

१६ आदिवासी जनजातिको उद्गमस्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरूको संरक्षण र सम्वर्द्धन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

१७ आदिवासी जनजाति समुदायको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तिकरणको लागि नेपाल सरकार र अन्य संघ, संस्थाहरूले सञ्चालन गर्ने चेतनामुलक कार्यक्रमहरूको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने,

१८ आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने,

१९ आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

(ग) आयोगमा रहने कर्मचारी संख्या र कार्य विवरण

(१) यस आयोगको स्वीकृत दरवन्दी तेरिज निम्न बमोजिम रहेको छः

आदिवासी जनजाति आयोग

| सि.न. | पदको नाम | श्रेणी तह | सेवा | समूह | स्वीकृत दरवन्दी |
|---|---|---|---|---|---|
| १ | सचिव | रा.प.प्रथम | प्रशासन | सामान्य प्रशासन | १ |
| २ | उप सचिव | रा.प.द्वितीय | प्रशासन | सामान्य प्रशासन | १ |
| ३ | शाखा अधिकृत | रा.प.तृतीय | प्रशासन | सामान्य प्रशासन | २ |
| ४ | नायव सुब्बा | रा.प.अन. प्रथम | प्रशासन | सामान्य प्रशासन | २ |
| ५ | लेखापाल | रा.प.अन.प्रथम | प्रशासन | लेखा | १ |
| ६ | कम्प्युटर अपरेटर | रा.प.अन.प्रथम | विविध | | १ |
| ७ | हलुका सवारी चालक | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | २ |
| ८ | कार्यालय सहयोगी | श्रेणी विहिन | प्रशासन | सामान्य प्रशासन | ३ |
| जम्मा | | | | | १३ |

नोटः नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७७।०८।३० गतेको निर्णय अनुसार संसोधीत दरवन्दी तेरीज

१. *आयोगका पदाधिकारी/ सदस्यहरु नियुक्ति भई पदावधि रहँदासम्म आवश्यक पर्ने निजी सहायकहरु (रा.प.अन. प्रथम श्रेणी सरहको) प्रत्येक पदाधिकारी/सदस्यहरुलाई १ (एक) जनाको दरले दरवन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गरिएको ।*

२. *आयोगका पदाधिकारी/ सदस्यहरु नियुक्ति भई पदावधि रहँदासम्म आवश्यक पर्ने हलुका सवारी चालक (श्रेणी विहिन) प्रत्येक पदाधिकारी/सदस्यहरुलाई १ (एक) जनाको दरले दरवन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गरिएको ।*

३. *आयोगका पदाधिकारी/ सदस्यहरु नियुक्ति भई पदावधि रहँदासम्म आवश्यक पर्ने कार्यालयय सहयोगी (श्रेणी विहिन) दुइ जना सदस्यहरुलाई १ (एक) जनाको दरले दरवन्दी रहने गरी करार सेवाबाट पदपुर्ती गरिएको ।*

४. *स्वीपर १ जना सेवा करारमा नियुक्ति गरिएको ।*

**(घ) आयोगबाट प्रदान गरिने सेवाः**

आदिवासी जनजाति आयोगलाई मुख्य गरी आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा आदिवासी जनजाति समुदायको सशक्तिकरणको लागि गर्नु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा

नेपाल सरकार समक्ष सिफारिस गर्ने जिम्मेवारी आदिवासी जनजाति आयोग ऐन, २०७४ ले प्रदान गरेको छ। त्यस बाहेक आदिवासी जनजाति आयोगले आदिवासी जनजाति समुदायमा प्रत्यक्ष रुपमा सेवा प्रदान गर्न सक्ने ऐनमा उल्लेख भएका विषयहरु निम्नानुसार रहेका छनः

- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तिकरणको लागि चेतना मुलक कार्यक्रम संचालन गर्ने
- आदिवासी जनजाति समुदायमा रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवर्द्धन गरी व्यवसायिक प्रयोगमा ल्याउन सहयोग गर्ने,
- आदिवासी जनजाति समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,
- आदिवासी जनजाति समुदायको हक हितको संरक्षण, सम्वर्द्धन र सशक्तिकरणको लागि नेपाल सरकार र अन्य संघ संस्थाहरुले सञ्चालन गर्ने चेतनामुलक कार्यक्रमहरुको समीक्षा, अनुगमन तथा मूल्यांकन गर्ने,
- आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

**(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

आयोगवाट प्रदान गरिने सेवा प्रशासन तथा योजना शाखा र अधिकार प्रवर्द्धन तथा सशक्तिकरण इकाईमा कार्यरत कर्मचारी मार्फत प्रवाह हुन्छ। ती दुवै शाखा र इकाईमा कार्यरत कर्मचारीहरु आफूलाई तोकिएको कार्य विवरण अनुसारको सेवा प्रवाह गर्न जिम्मेवार हुन्छन्।

**(च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधीः**

आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा २७ मा यो ऐन कार्यान्वयन गर्न आवश्यक नियम बनाउन सक्ने र सोही ऐनको दफा २८ मा आयोगले सम्पादन गर्नु पर्ने कामहरु सुचारु रुपले सञ्चालन गर्न वा गराउनको लागि ऐन तथा नियमको अधिनमा रही आवश्यक निर्देशिका बनाउन सक्ने उल्लेख छ। सो बमोजिम नियम तथा निर्देशिकाहरु बनेपछि सोही बमोजिम सेवा प्रवाह हुनेछ।

**(छ) निर्णय गर्ने प्रकृया र अधिकारीः**

आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा १३ अनुसार आयोगले यस ऐन बमोजिम गर्नु पर्ने काम आयोगको बैठकको निर्णय बमोजिम हुनेछ। सो बाहेकका प्रशासनिक/व्यवस्थापकीय निर्णय सामान्यतया सचिवस्तरवाट सदर हुनेछ ।

**(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारीः** आयोगको सचिव भन्दा मुनिका कर्मचारीहरु उपरको उजुरी र गुनासाहरु सचिव र सचिव सम्वन्धमा भएको उजुरी आयोगको अध्यक्ष।

आदिवासी जनजाति आयोग

**(झ) सम्पादन गरेका कामको विवरण:**

नेपालको संविधान, आदिवासी जनजाति आयोग ऐन, २०७४ अनुरुप यस आयोगबाट दैनिक प्रशासनका अतिरिक्त निम्न कार्यहरु/कार्यक्रमहरु सम्पादन भएका छन् ।

१. २०८०।०७।०१ गते आयोगले तयार गरेको चौथो (आ.व. २०७९/०८० को) वार्षिक प्रतिवेदन सार्वजनिकीरण तथा पत्रकार सम्मेलन कार्यक्रम सम्पन्न।

२. संवैधानिक प्रावधान बमोजिम प्रदेशहरुमा २०८०।०७।१ गते कोशी प्रदेशमा, २०८०।०७।०२ गते मधेश प्रदेशमा, २०८०।०७।१३ गते गण्डकी प्रदेशमा, २०८०।०७।१६ बागमती प्रदेशमा, २०८०।०८।१२ गते कर्णाली प्रदेशमा, २०८०।०८।१३ गते सुदुर पश्चिम प्रदेशमा आयोगको चौथो बार्षिक प्रतिवेदन पेश तथा सम्बन्धीत प्रदेशका आदिवासी जनजाति प्रतिनिधिहरुसँग छलफल कार्यक्रम सम्पन्न।

३. २०८०।०७।२४ मा आयोगका माननीय अध्यक्षज्यूबाट जाजरकोटमा भूकम्पबाट भएको क्षति, उद्दार र राहत वितरण सम्बन्धी अनुगमन।

४. २०८०।०८।०७ गते सांस्कृतिक सम्पदाको र प्रवर्धन सम्बन्धमा विभिन्न संघ संस्थाबाट प्रचलनमा ल्याइएका संरक्षण नीति र मापदण्डका आधारमा कार्यक्रमहरुको प्रारुप तय गर्ने लगायतका विषयमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, ललितपुर न.पा., कीर्तिपुर न.पा. लगायतसँग अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न।

५. आदिवासी जनजातिका सांस्कृतिक सम्पदा संरक्षण र प्रवर्धन सम्बन्धी अध्ययन अनुसन्धानकार्यका लागि विज्ञसँग सम्झौता सम्पन्न।

६. २०८०।०८।१६ गते लुम्बिनी प्रदेशको सैनामैना नगरपालिका रुपन्देहीमा सांस्कृति सम्पदा संरक्षण र प्रवर्धन सम्बन्धी स्थानीय आदिवासी जनजातिलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न।

७. २०८०।०८।२० गते कीर्तिपूर नगरपालिकाको कीर्तिपुर नगर सांस्कृतिक संरक्षित क्षेत्र बनाउने सम्बन्धी नियावली, २०७९ कार्यान्वयन गर्न स्थानीय राजपत्रमा प्रकाशन नभएको विषयमा नगर पालिकाका प्रतिनिधि , नियावली तर्जुमाकार र स्थानीय आदिवासी जनजातिसँग छलफल सम्पन्न।

८. २०८०।०८।०८ गते विश्व आदिवासी भाषा दशक मनाउन मगर अध्ययन केन्द्रसँगको सहकार्यमा भाषिक वहस तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न।

९. २०८०।०८।१० गते आयोगले आदिवासी जनजातिका भाषा संरक्षण गर्नका विश्व आदिवासी भाषा दशक (२०२२-२०३२) मनाउनुका लागि भाषा संरक्षण क्षेत्रमा सम्बद्ध निकाय Linguistic Society of Nepal, Nepal Academy, Central Department of Linguistics, NFDIN, MBM College, Grammar College सँग सहकार्यमा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न।

१०. २०८०।०८।२८-२९ गते आदिवासी जनजाति ज्ञानमध्ये प्रदर्शनी कला(Performing Arts) विषयमा संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रीज्यूको प्रमुख आतिथ्यता तथा प्राज्ञिक एवम यस क्षेत्रमा क्रियाशिल व्यक्तित्वहरुको सहभागितामा प्रदर्शनीकलाका विज्ञ अनुसन्धानकर्तहरुबाट कार्यपत्र प्रस्तुती गर्दैं ज्ञान सम्मेलन सम्पन्न।

आदिवासी जनजाति आयोग

११.२०८०।०९।३ गते आयोगको अगुवाईमा संवैधानिक आयोगका माननीय अध्यक्ष तथा सदस्यज्यूहरुको सहभागितामा विषय विज्ञले तयार पारेको "निजामती सेवामा समावेशिताको प्रभाव" सम्बन्धी अध्ययन प्रतिवेदन माथि सामूहिक अन्तरक्रिया कार्यक्रम सम्पन्न।

१२. २०८०।०९।२२ गते राष्ट्रिय सभाका लागि हुने निर्वाचन तथा प्रतिनिधित्व सम्बन्धमा निर्वाचन आयोगलाई संविधान बमोजिम समानुपातिक समावेशी सिद्धान्त अनुसार गर्न र राजनीतिक दललाई सो बमोजिम उम्मेदवारीको व्यवस्था गर्न ध्यानाकर्षण गराउने लगायतका विषयमा छलफल गर्न पत्रकार सम्मेलन गरी प्रेष विज्ञाप्ती जारी गरिएको।

१३. २०८०।०९।२४ गते नेपालले संस्कृति नीति तर्जुमा गर्दै रहेको र आदिवासी जनजाति आयोगले तर्जुमा गरेको आदिवासी जनजाति राष्ट्रिय नीतिमा आदिवासी सांस्कृतिक नीति पनि समावेश रहेको सन्दर्भमा सरकारले तर्जुमा गरेको राष्ट्रिय सांस्कृतिक नीतिमा आदिवासी जनजाति समुदायको धारणा तयार गरी नेपाल सरकारलाई सुझवको रुपमा पठाउन आदिवासी जनजाति संघ/संस्थाका प्रतिनिधिहरुसँग छलफल कार्यक्रम सम्पन्न।

१४.२०८०।०९।२६ गते राष्ट्रिय सरोकार तथा समन्वय समितिमा आयोगले हालसम्म गरेका कार्यहरु, आयोगका समस्या/चुनौती र समितिसँगको अपेक्षा विषयमा आयोगका मा.अध्यक्षज्यूले प्रस्तुतीकरण गर्नुभएको।

**(ञ) प्रमुखको नाम, पद र सूचना अधिकारी**

- सचिव श्री नूरहरी खतिवडा मो. नं. ९८५११४१०३१
- प्रवक्ता उपसचिव श्री टेक प्रसाद पुलामी मो. नं. ९८४१६६९०७६
- सुचना अधिकारी शाखा अधिकृत श्री शोभा पाण्डे मो.नं. ९८६०५६२६३०

**(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूचीः**

यस आयोगको कामसंग सम्बन्धित ऐन नियम, विनियम वा निर्देशिकाको सूची निम्न अनुसार रहेको छः

- नेपालको संविधान
- आदिवासी जनजाति आयोग ऐन, २०७४
- आदिवासी जनजाति आयोग नियामावली, २०७९
- निजामती सेवा ऐन, २०४९ तथा नियमावली, २०५०
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि नियमावली, २०५५
- सूचनाको हक सम्वन्धी ऐन, २०६४ तथा नियमावली, २०६५
- संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक, सेवाका शर्त र सुविधा सम्बन्धी ऐन, २०५३
- सुशासन तथा (ब्यवस्थापन तथा संचालन) ऐन, २०६४ तथा नियमावली, २०६५
- भ्रमण खर्च नियमावली, २०६४
- आदिवासी जनजाति आयोगका पदाधिकारी तथा कर्मचारीको आचारसंहिता, २०७९

आदिवासी जनजाति आयोग

(ठ) आम्दानी खर्च तथा आर्थिक कारोवार सम्वन्धी अध्यावधिक विवरण:

यस आयोगको आ.व.२०८०।०८१ को लागि स्वीकृत बजेट र २०८० पौष मसान्त सम्मको खर्च र बाँकी बजेट रकम निम्नानुसार रहेको छ:

| | वजेट शीर्षक नं. | स्वीकृत वार्षिक वजेट रकम रु. | खर्च भएको रकम रु. | बाँकी रहेको रकम रु. |
|---|---|---|---|---|
| १ | २२८०००११३ चालु | २,५६,००,०००।- | ९०,७५,०१५ | १,६५,२४,९८५।- |
| २ | २२८०००११४ पूँजिगत | ११,००,०००।- | ० | ११,००,०००।- |
| ३ | २२८००००१३ चालु | ७५,००,०००।- | ३४,१६,०५३ | ४०,८३,९४७।- |
| जम्मा | | ३,४२,००,०००।- | १,२४,९१,०६८।- | २,१७,०८,९३२।- |

(ड) सार्वजनिक निकायको वेभसाइट भए सोको विवरण:

यस आयोगको वेभसाइट www.inc.gov.np रहेको छ।

(ढ) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरण:

नभएको

(ण) सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन:

आदिवासी जनजातिमा सन्थाल, तामाङ र राई जातिको थातथलो पहिचान सम्बन्धी अध्ययन गर्न आयोगमा सूचीकृत विज्ञसँग सम्झौता गरिएको।

(त) सार्वजानिक निकायले वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी:

आयोगले वर्गिकरण गरेको छैन।

(थ) सार्वजानिक निकायमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिइएका विषय:

सूचना माग सम्वन्धि लिखित निवेदन परेको छैन। मौखिक रुपमा आयोगले गर्ने काम, आयोगका पदाधिकारी नियुक्त हुने तरिका, कर्मचारी दरवन्दी र पदपूर्ति लगायत आयोगले गरिरहेका दैनिक कार्यहरु आदि विषयमा जिज्ञासा राख्न आउनु हुनेहरुलाई सो सम्वन्धी जानकारी गराइदै आएको छ ।

(द) सार्वजानिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण:

सरोकारवालालाई जानकारी दिन आवश्यक सूचनाहरु आयोगको वेभसाइट www.inc.gov.np मा राख्ने गरिएको छ।